ज.प्र.का.म.द.नं.४८/०७३/०७४

वर्ष ६, अंक १६४

५ चैत २०७९ आइतवार

19 Mar. 2023, Sunday

www.shirishnews.com

पृष्ठ ४ मूल्य रु. ५/-

सधैं र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

ई–पत्रिका अनलाइन पढ्नका लागि क्युआर कोड स्क्यान गर्नुहोला ।

## ट्याक्टर चालकमाथि छुरा प्रहार गर्ने तीन पक्राउ



**ढल्केवर** / धनुषाको बडहरी खोलामा २४ वर्षीय ट्याक्टर चालक पवन महतोमाथि धारिलो हतियार (छुरा) प्रहार गरी घाइते बनाएको अभियोगमा प्रहरीले तीन जनालाई पक्राउ गरेको छ ।

जिल्लाको मिथिला नगरपालिका -९, बडहरीका २२ वर्षीय किसन लामा, २५ वर्षीय निरज लामा र २९ वर्षीय सुशील लामालाई चालक महतोमाथि छुरा प्रहार गरेको आरोपमा पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय धनुषाका प्रवक्ता तथा प्रहरी नायव उपरीक्षक वेदप्रसाद गौतमले बताउनुभयो ।

शुक्रबार बिहान ४ बजे ट्याक्टर लिएर बालुवा लिन बडहरी खोला पुगेका चालकमाथि छुरा प्रहार भएको प्रहरीको भनाइ छ । खोलाबाट बालुवा निकालेबापत चालक महतोसँग पैसा मागेको र नदिएपछि पाँच जनाको समूहमा रहेका युवाले छुरा प्रहार गरेको अहिलेसम्मको अनुसन्धानबाट खुलेको उहाँले जानकारी दिनुभयो ।

घटनामा संलग्न पाँच जनामध्ये तीन जनालाई पक्राउ गरिएको, अरू दुई जना फरार अवस्थामा रहेको बताउँदै प्रवक्ता गौतमले फरार आरोपितको खोजतलास तथा घटना सम्बन्धमा थप अनुसन्धान भइरहेको बताउनुभयो ।

छुरा प्रहारबाट सख्त घाइते भएका चालक महतोको उपचार जनकपुर स्थित जानकी हेल्थ केयरमा भइरहेको छ ।

# परिवारभित्रै अपराधको जालो, महिलाम झनै दमनमा

**खबर दर्पण समाचारदाता**

**चैत ४ गते, जनकपुर**

धनुषाको मुखियापट्टी मुसहरनिया गाउँपालिका-२ का मिल, जेनेरेटर, पम्पसेट बनाउने मिस्त्री धनुखधारी दास (५० वर्ष) सधैंझैं गत पुस ९ मा पनि आँगनमा जेनेरेटर बनाउँदै थिए । उनकी ७० वर्षीया आमा महाजनीदेवी घरको दक्षिणपट्टि अर्को सानो छाप्रोमा रहेको किराना पसलमा थिइन् ।

साँझ साढे ५ बजेतिर पल्सर मोटर साइकलमा आएका दुई युवा उनको पसल अगाडि रोकिए, चुरोट किनेर खाए । उनीहरूले महाजनीलाई आफ्नो पम्पसेट बिग्रिएकाले मर्मत गर्ने मिस्त्री खोज्दै सीमावर्ती भारतीय गाउँ पिप्रौनबाट आएको बताए अनि सोधे, 'धनुख मिस्त्री कहाँ छन् ?' नेपाल-भारत सीमामा रहेको मुखियापट्टी गाउँका धनुख आफ्नो सीपअनुसार सामान मर्मत गर्न ग्राहकका घरघरै जाने गर्थे । खुला सीमा रहेको भारतीय गाउँ पनि जानु-आउनु सामान्य थियो । त्यस्तै कोही ग्राहक होलान् भन्ने ठानेकी आमाले उत्तरपट्टि आँगनमा काम गरिरहेका छोरोलाई देखाउँदै भनिन्, 'ऊ नै हो धनुख मिस्त्री ।' मोटर साइकल हाँकेर आएका एक जना मोटरसाइकलमै बसिरहे, अर्को व्यक्ति धनुखछेउ पुगेर आफूहरूको मोटरसाइकलमा बसेर पिप्रौन गाउँमा बिग्रेको पम्पसेट बनाइदिन आग्रह गरे । धनुखले परिचय मागे र पिप्रौन गाउँमा त्यो नाम गरेको कोही पनि व्यक्ति आफूले नचिनेको भन्दै जान अस्वीकार गरे । उनलाई त्यहीं छाडेर ती दुई युवा बाटो लागे ।

महाजनीदेवीका अनुसार दुई घण्टापछि ती दुई जना फेरि आए । मोटरसाइकल रोके । धनुख आफ्नै सुरले काम गरिरहेका थिए । सरासर अगाडि बढेर एक जनाले धनुखको बायाँ कोखामा टाँसेर गोली दाग्यो, महाजनीदेवीका आँखै अगाडि छोरा ढले, गोली हान्ने युवक कुदेर मोटरसाइकल चढ्न पुगे, अर्कोले पहिल्यैदेखि स्टार्ट गरि राखेको मोटरसाइकल हुइँक्याइहाल्यो । महाजनीदेवीले हार गुहार गरिन्, उनका छोरालाई गोली चलाउने व्यक्तिले मोटर साइकलको पछाडिबाट एक राउन्ड हवाई फायर गरे । घाइते धनुखलाई मोटरसाइकलमा राखेर जनकपुर स्थित प्रादेशिक अस्पताल पुऱ्याइयो । डाक्टरले मृत घोषित गरे ।



अनुसन्धानका क्रममा प्रहरीले धनुषाको नगराइन नगरपालिका-२ जटहीका २१ वर्षीय रन्जितकुमार यादवलाई पक्राउ गऱ्यो । धनुखलाई गोली हान्ने उनै थिए, हत्या योजनामा लागेका अन्य दुई जना भारतीय सुमितकुमार सिंह र आकाशकुमार मण्डल अझै फरार छन् । प्रहरीले मोटरसाइकल चालक धनुषाको नगराइन-२ का २७ वर्षीय नवीनकुमार मिश्रलाई पनि समातेको छ । बयानका क्रममा यादव र मिश्रले धनुखको हत्यामा आफूहरूसहित हाल फरार रहेका सिंह र मण्डल संलग्न रहेको बताएका छन् । तर, धनुखसँग चिनजान नै नभएका यी चार जनाले मात्र उक्त घटना गराएको कुरा पत्यारलाग्दो थिएन । प्रहरीले उनीहरूको कल डिटेल विश्लेषण गऱ्यो, त्यसक्रममा धनुखलाई गोली प्रहार गर्ने रन्जितसँग मृतक धनुखका जेठा छोरा प्रदीप र प्रहरी हवल्दारसमेत रहेका उनका ज्वाइँ उदय दासको अस्वाभाविक 'फोन सम्पर्क' भएको देखियो । उनीहरू दुवै जना पक्राउ परे ।

धनुषा जिल्ला अदालतमा यही फागुन १७ मा दर्ता भएको अभियोग पत्रअनुसार बहुविवाह गरेका धनुखले कान्छी श्रीमतीलाई नागरिकता र नवजात छोरीको जन्मदर्ता गराउने प्रक्रिया सुरु गरेपछि पुर्ख्यौली सम्पत्ति आफूहरूले नपाउने भयमा रहेका छोरा प्रदीपले प्रहरीमा रहेका भिनाजु उदयको सहयोगमा बावुको हत्या योजना बनाएका रहेछन् । त्यसका लागि उनीहरूले ५ लाखमा 'कन्ट्र्याक्ट किलर' खोजेका रहेछन् । बाबुको हत्यापछि थप चार लाख दिने सर्त राखेर सुरुमा तयारीका लागि एक लाख रुपैयाँको 'सुपारी' दिएछन् । रन्जितले उक्त रकम लिएर हतियार र मोटरसाइकलको व्यवस्थापन गर्न र हत्यापछि केही समय आफूहरू लुकेर बस्ने व्यवस्था मिलाउन उनका भारतीय साथीहरूसँग सम्पर्क गरेका थिए । प्रहरीले प्रदीप र उदयलाई पक्राउ गरिसकेको छ । उनीहरूलाई जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठाएपछि घरमा ठूलो रिक्तता छाएको छ । महाजनीदेवी बुढ्यौलीमा पुत्र वियोगमा छिन्, उनीसँगै बुहारी शैलोदेवी पति वियोगका साथै छोरासमेत थुनिएकामा मर्माहत छिन् । उदय पक्राउ परेपछि उनकी पत्नी अंशुदेवी पनि दुई सन्तान लिएर माइतै आएकी छन् । बुवाको हत्याको पीडा छँदै छ, श्रीमान् उदय थुनिँदा आफ्नो र सन्तानको अनिश्चित भविष्य सम्झेर उनी कहालिएकी छन् । 'प्रहरीले मेरो भाइ र श्रीमान् मिलेर बुवाको हत्या गरेका हुन् भनेको छ । तर, उनीहरूले त्यसो गरेका हुन् कि होइनन्, थाहा छैन । बुवालाई कसले र किन माऱ्यो भन्ने पनि हामीलाई केही थाहा छैन,' उनी भन्छिन्, 'बुवा मारिनुभयो, श्रीमान् र भाइ जेलमा छन् । हामीलाई मर्नु न बाँच्नुभएको छ ।'

धनुखकी श्रीमती शैलोदेवी शरीर सुन्निने समस्याले पीडित छिन् । उपचारका लागि जनकपुर गएका बखत जेलमा रहेका छोरा प्रदीपलाई भटिन् । 'देख्नेबित्तिकै मन थाम्नै सकिनँ, रुन थालें,' उनले सुनाइन्, 'केही कुरा गर्नै सकिनँ, त्यसै फर्किएँ । त्यसपछि भेट्न गएकी छैन ।' छोरा-ज्वाइँको योजनामा भएको धनुखको हत्याले सम्पत्तिका लागि परिवारकै सदस्यको ज्यान लिनसमेत पछाडि नपर्ने गरी समाजमा मौलाउँदो अपराधको चित्र देखाउँछ ।

धनुषाको बटेश्वर गाउँपालिका-५ शान्तिपुरकी अमृताकुमारी यादव (२८ वर्ष) गत मंसिर २६ गते बिहान ४ बजे नबिउझिँदै बन्चरो प्रहारमा परिन् । अनुहार र टाउकोमा बन्चरोको निरन्तर प्रहार पछि अचेत भएकी अमृतालाई उनका पति वीरेन्द्र यादवले चोर आएको हल्लाखल्ला गरेपछि जम्मा भएका छिमेकीले जनकपुरको काव्या अस्पताल पुऱ्याए । अस्पताल पुगुन्जेल अमृताको मृत्यु भइसकेको थियो, अस्पतालले प्रहरीलाई खबर गऱ्यो । प्रहरीले वीरेन्द्र र उनकी आमालाई सोधपुछ गऱ्यो । उनीहरूले बिहान चोर आएको र आक्रमण गरी भागेको बयान दिए । तर, प्रहरीको केरकारसामु वीरेन्द्र धेरैबेर टिक्न सकेनन्, 'बिहान झगडा परेपछि मैले नै बन्चरोले हिर्काएको हुँ ।

*बाँकी पृष्ठ २ मा*



## सम्पादकीय

# राष्ट्रिय सहमतिको झल्को

लामो रस्साकस्सी र माथापच्चीपछि मुलुकले तेस्रो राष्ट्रपतिका रूपमा रामचन्द्र पौडेललाई पाएको छ । गत फागुन २५ गते सम्पन्न राष्ट्रपति पदको निर्वाचनमा बृहत्तर राष्ट्रिय सहमति जुटेको छ । नेकपा एमालेबाहेक कुनै पनि दलले नेपाली कांग्रेसका उम्मेदवार पौडेलविरुद्ध मत हालेनन् । परिणामतः पौडेल देशको तेस्रो राष्ट्रपति चुनिनु भएको छ ।

राष्ट्रिय स्वतन्त्र पार्टीले पौडेललाई मत दियो भने राष्ट्रिय प्रजातन्त्र पार्टी र नेपाल मजदुर किसान पार्टीले भने मतदान प्रक्रियामा सहभागिता जनाएनन् । त्यस अर्थमा हेर्ने हो भने केवल नेकपा एमाले मात्रै पौडेलविरुद्ध खडा भएको पाइयो । राष्ट्रपतिको सन्दर्भमा प्रधानमन्त्रीसमेत रहनुभएका नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' ले भन्नुभएको थियो- "यो पदमा कांग्रेसका उम्मेदवारलाई मत दिँदा राष्ट्रिय सहमति बन्छ । त्यसबाट जनमतको समेत कदर भएको सन्देश प्रवाहित हुनेछ ।" प्रधानमन्त्री प्रचण्डको उक्त प्रस्तावमा अरूले सहमति जनाए पनि नेकपा एमाले अध्यक्ष केपी शर्मा ओलीले भने प्रतिवाद गर्नुभएको थियो । ओलीले एमाले उम्मेदवार नै राष्ट्रिय सहमतिको आधार भएको प्रतिक्रिया पटक पटक दोहो-याउनु भएको हो । तर परिणाम भने उल्टो देखियो । एमालेबाहेक सबैको सद्भाव पौडेलप्रति देखियो ।

पुस २६ गते प्रधानमन्त्री प्रचण्डलाई विश्वासको मत दिने क्रममा ओलीले कांग्रेसप्रति कटाक्ष गर्दै भन्नुभएको थियो- "राष्ट्रपतिमा ढोक्सा नथापे हुन्छ, माछा पर्नेवाला छैन ।" कांग्रेसले प्रधानमन्त्रीलाई विश्वासको मत दिने निर्णय गरेको ओलीलाई मन परेको थिएन । किनभने छलछाम र धोकाघडीबाट सत्तामा पुगेपछि एमालेको हैसियत एकाएक चुलिएको थियो । प्रधानमन्त्री प्रचण्डलाई समेत पिंजडामा राख्ने प्रयत्न एमालेले गरिरहेको थियो । तर कांग्रेसले राजनीतिक स्थिरता र संविधानको रक्षाका लागि प्रचण्ड नेतृत्वको सरकारलाई विश्वासको मत दिने निर्णय गरेको थियो ।

नेपालको संविधान, २०७२ ले राष्ट्रपति पदलाई आलङ्कारिक मात्रै मानेको छ । कार्यकारी अधिकार प्रधानमन्त्रीसँग रहने परिकल्पना गरिएको छ । विगतमा राष्ट्रपतिलाई संविधानको भावनाविपरीत कार्यकारी भूमिकामा प्रस्तुत गर्न खोजिएकै हो । त्यसैको निरन्तरताका लागि नै एमालेले अन्तिम प्रयास गरिरह्यो राष्ट्रपति पाउनका लागि । यद्यपि ओलीले चाहेबमोजिमको परिणाम प्राप्त भएन, बरु सत्ता नै त्याग्नुपर्ने अवस्था आयो । पौडेललाई परेको मत हेर्दा राष्ट्रिय सहमतिकै झल्को दिएको छ ।

त्यसपछि पिलासले बिजुलीको तार काटेर घरमा अँध्यारो पारेपछि बन्चरो लगायतका सामान लुकाएँ । अनि चोर आयो भन्दै कराएपछि आमा उठिन्, त्यसपछि छिमेकीहरू जम्मा भएर अस्पताल पुऱ्याएका हौं ।'

महोत्तरीको भंगहा-९, अजगेवाकी अमृताले १० वर्ष अगाडि वीरेन्द्रसँग परम्पराअनुसार बिहे गरेकी थिइन् । उनीहरूका दुई छोरा (सात र पाँच वर्ष) छन् । अमृताकी आमा चुल्हिया यादव (७०) का अनुसार सुरुमा राम्रै चलेको छोरीको घर-व्यवहार ज्वाइँ रोजगारीका लागि चार वर्ष साउदी अरबमा बसेर आएपछि बिग्रिएको हो । 'विदेशबाट फर्किएपछि अनेक आरोप लगाउँदै कुटपिट गरिरहन्थ्यो । छोरीलाई धेरै दुःख दिएपछि यहाँ ल्याएर राखेकी थिएँ,' चुल्हियाले सम्झिइन्, 'एक महिनापछि यहाँ आएर आइन्दा दुःख नदिने वाचा गरेर लिएर गएको थियो । त्यसपछि पनि कुटपिट रोकिएको थिएन ।'

चुल्हियाका अनुसार अमृताले आफूमाथि गालीगलौज र कुटपिट भइरहेको फोनबाट सुनाइरहन्थिन् । पछि त वीरेन्द्रले मोबाइल चलाउनसमेत रोक लगाएका थिए । ३ वर्षअघि आफ्ना श्रीमान् गुमाएकी चुल्हियाले अहिले छोरी गुमाएपछि आफैंलाई सम्हाल्न सकेकी छैनन् । उनका एकमात्र छोरा सुखचन्द्र यादव रोजगारीका लागि विदेशमा छन् । बुहारीसँग बस्दै आएकी उनी छोरीको हत्यापछि बेहोस भएर ढलेकी थिइन्, त्यसपछि राम्ररी निको भएकी छैनन् । 'आफैंले बन्चरोले हिर्काएर मारेछ, त्यसपछि चोरले काटेर भागे भनेर खबर गरेको थियो, हामीले पत्याएनौं,' उनले भनिन् । अहिले वीरेन्द्र मुद्दाको पुर्पक्षका लागि सिन्धुली कारागारमा छन् । धनुषाको यो घटना दाम्पत्य जीवनमा वैदेशिक रोजगारीले पारेको प्रभावको दृष्टान्त हो ।

सिरहाको कल्याणपुर नगरपालिका-११, मलाहका रामबाबु सहनीको पूर्व र पश्चिमपट्टिका दुवै छिमेकीका घर पक्की छन् । दक्षिणमा सार्वजनिक कच्ची बाटो र उत्तरमा सार्वजनिक पोखरीको बीचमा रहेको कच्ची घरको छेउमै उनले पक्की घर बनाउँदै थिए । यसबीचमा लागूऔषधको दुर्व्यसनमा फसेका जेठा छोरा राकेशलाई उपचारका लागि कहिले ढल्केबर त कहिले जनकपुरको पुनःस्थापना केन्द्रमा पुऱ्याउँथे । पुनःस्थापना केन्द्रमा पनि स्थिर भएर बस्न नसकेका राकेश घरै फर्किएका थिए, सामान्य विषयमा बाबु र भाइसँग झगडा गरिरहन्थे । गत माघ १८ गते साँझ भान्सामा खाना पकाउँदै गरेकी आमासँग राकेशले भाइले आफूलाई दाइको सम्मान नदिएको गुनासो गरे । छेउमै रहेका उनका बा रामबाबुले सम्झाएछन्, 'लागूऔषध छाडेर भाइलाई माया गरिस् भने उसले पनि सम्मान गरिहाल्छ नि ।' त्यसपछि सधैं भाइको पक्ष लिने गरेको भन्दै उनी बासँग झगडा गरेर निस्किए । रामबाबु बिस्तारामा पल्टिएर मोबाइल चलाउँदै रहेछन्, राकेशले एक्कासि फलामको रडले टाउकोमा बजारे । त्यसपछि नजिकै रहेको ढुंगा टिपेर टाउकोमै हिर्काएपछि त्यहीं उनी अचेत भए । गाउँलेले मिर्चैयास्थित आरके मेडिसिटी अस्पताल पुऱ्याए पनि रामबाबु बाँच्न सकेनन् ।

राकेशकी आमा सुमारीदेवी आफ्नो छोरो नै दुश्मन बन्न पुगेको बताउँछिन् । राकेशका दुई छोरी र उनकी श्रीमती रुबीको समेत भरणपोषणको जिम्मेवारीमा सम्हाल्न पुगेकी उनले परिवारमा डकैती लागेजस्तो भएको बताइन् । 'मेरै छोरो दुश्मन भयो, बाउलाई नै माऱ्यो । दैवले मलाई पनि लगे हुनेजस्तो भएको छ,' उनले भनिन्, 'प्रहरीले कहाँ राखेको छ, थाहा छैन । भेट्न जान पनि मन लागेको छैन । तर, उसका छोरीहरू र बुहारीको त माया लाग्छ, यिनीहरूको के दोष छ र ?'

सिरहाको जिल्ला सरकारी वकिल कार्यालयले गत माघमा जिल्ला अदालतमा ४६ वटा अपराधका मुद्दा दायर गरेकामा एकतिहाइभन्दा बढी (१६ वटा) लागूऔषधको सेवन र कारोबारसँग सम्बन्धित छन् । त्यसको अघिल्लो महिना पुसमा ( दर्ता २६ मुद्दामध्ये लागूऔषधका ७) र त्यसपछिको फागुन (दर्ता २४ मध्ये लागूऔषधका मुद्दा ८ वटा) मा पनि झन्डै यही अनुपातमा मुद्दा परिरहेको देखिन्छ । मधेशमा लागूऔषधको दुर्व्यसनीमा फसेका युवाका लागि पुनःस्थापना केन्द्र चलाइरहेका एक जना सञ्चालक (जो उनी आफैं पनि पूर्वलागूऔषध प्रयोगकर्ता हुन्) मधेशी समाजमा लागूऔषधको कुलत जरासम्मै फैलिएको बताउँछन् । 'रोजगारीका लागि विदेश गएका बाबुले पठाएको पैसा छ । आमालाई उनीहरूले टेर्दैनन् । खुला सीमाका कारण लागूऔषध सजिलै उपलब्ध हुन्छ । अहिले किशोर र युवा लागूऔषधको दुर्व्यसनमा नफसेको गाउँ-टोल भेट्टाउन मुस्किल छ,' उनी भन्छन्, 'त्यसबाट अन्य अपराधसमेत जन्मिरहेका छन् । चोरी, अपहरण र परिवारकै सदस्यको हत्या जस्ता अपराधहरूसमेत त्यसका कारण भइरहेका छन् ।'

सम्पत्ति, वैदेशिक रोजगारीपछि दाम्पत्य जीवनमा बढ्दो अविश्वास र लागूऔषधका कारण परिवारजनको हत्या भएका यी केही उदाहरणले आफन्तकै संलग्नतामा मधेशमा मौलाउँदो अपराधको कथा भन्छन् । नेपाल प्रहरीको मधेश प्रदेश प्रमुख डीआईजी वसन्तबहादुर कुँवरले परिवारका सदस्यहरू संलग्न अपराधको अनुसन्धान गर्न र प्रमाण जुटाउन पनि तुलनात्मक रूपमा कठिन हुने गरेको बताउँछन् । 'हत्या, बलात्कार जस्ता अपराधमा परिवारका सदस्यहरू संलग्न भएका घटना बढ्दो क्रममा देखिएको छ,' उनले भने, 'सम्पत्ति, सम्बन्ध, रिसइबी र बदलाका लागि आफन्त नै संलग्न भएर अपराध भइरहेको देखिन्छ । उनीहरूलाई एकअर्काका बारेमा बढी जानकारी हुने भएकाले अपराधको योजना बनाई त्यसलाई कार्यान्वयन गर्न पनि सजिलो मान्दा रहेछन् ।'

मधेश प्रदेश प्रहरी कार्यालयका अनुसार पछिल्लो २० महिनामा प्रदेशभरमा आफन्त संलग्न हत्याका घटना मात्रै ७४ वटा छन्, जसमा १०३ जना संलग्न भएको अभियोग छ । अघिल्लो आर्थिक वर्षमा ३३ वटा आफन्त हत्या भएकामा यो आर्थिक वर्षको ८ महिनामै ४१ वटा पुगिसकेका छन् । सबैभन्दा बढी श्रीमान्ले श्रीमतीको हत्या गरेका २८ (अघिल्लो आर्थिक वर्षमा १० र यो आवको ८ महिनामा १८ जना) घटना छन् । त्यसपछि छोराले आमा/बाबुको हत्या (अघिल्लो आवमा ३ र यो आवमा ७) छन्, त्यसपछि सासू/ससुराले बुहारी ( अघिल्लो आवमा १ र यो आवमा ४) को हत्या गरेको घटना छन् ।

जनकपुरमा क्रियाशील अधिवक्ता श्यामिका महतो मधेशी समाजमा बढिरहेको यस्तो अपराधबाट सबैभन्दा पीडित महिलाहरू बन्न पुगेको बताउँछिन् । 'श्रीमान् वा बाबु/दाजु-भाइ र सासू-ससुराको समेत निसानामा परेका पीडितहरू महिला नै छन्,' उनले भनिन्।-कान्तिपुरबाट

आफ्नो गाईभैंसीलाई कृत्रिम गर्भाधान गराई उन्नत किसिमका पाडा-पाडी, बाछा-बाछी उत्पादन गरी दुध उत्पादन बढाऔं ।
हिउँद तथा वर्षे घाँसको विकास गरौं र उन्नत किसिमका घाँसको स्रोत केन्द्र स्थापना गरी आत्मनिर्भर बनौं । पशु बिमा गरी पशुधनको सुरक्षा गरौं ।

**भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र**
**जनकपुरधाम, धनुषा**

## आवश्यक टेलिफोन नम्बरहरू

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिंग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### बर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय बर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# विश्वासको मतमा एक ढिक्का हुने १० दलको निर्णय



**काठमाडौं**/ सत्ता गठबन्धनका १० दलका शीर्ष नेताहरुको बैठक बालुवाटारमा सम्पन्न भएको छ।

बैठकमा भोलि संसदमा प्रस्तुत गर्ने विधेयक र पर्सी सरकारले लिने विश्वासको मतमा एकमतका साथ प्रस्तुत हुने सहमति बनेको छ।

राष्ट्रपतिको निर्वाचनमा चुनावअघिको गठबन्धन ब्यूँताउँदै नेपाली कांग्रेससहित ८ दल एक ठाउँमा उभिएपछि नेकपा एमाले सरकारबाट बाहिरिएको थियो। सो आठदलीय गठबन्धन पछिल्लो समय १० दलीय बनेको हो।

एमाले सरकारबाट बाहिरिएपछि प्रधानमन्त्री प्रचण्डले यही चैत ६ गते पुनः विश्वासको मत लिँदै छन्। यसपछि कांग्रेससहितका दललाई समावेश गरी प्रधानमन्त्रीले मन्त्रिपरिषद् विस्तार गर्ने तयारी गरेका छन्।

आजको बैठकमा बैठकमा प्रधानमन्त्री प्रचण्डसहित नेपाली कांग्रेसका सभापति शेरबहादुर देउवा र उपसभापति पूर्णबहादुर खड्का तथा नेकपा एकीकृत समाजवादीका अध्यक्ष माधवकुमार नेपाल, जनता समाजवादी पार्टीका अध्यक्ष उपेन्द्र यादव, लोकतान्त्रिक समाजवादी पार्टीका नेता शरतसिंह भण्डारी, जनमत पार्टीका अध्यक्ष सीके राउत, आम जनता पार्टीका अध्यक्ष प्रभु साह, नागरिक उन्मुक्ति पार्टीका अध्यक्ष रञ्जिता श्रेष्ठ, नेपाल समाजवादी पार्टीका अध्यक्ष बाबुराम भट्टराईलगायतको सहभागिता थियो। राष्ट्रपति, उपराष्ट्रपतिको निर्वाचनपछि मुलुकको समसामयिक राजनीतिक विषयमा छलफल गर्न सत्ता गठबन्धनको बैठक बसेको हो।

# ऋणीको सम्पत्तिमा साहुको आँखा

**खबर दर्पण समाचारदाता**

**चैत ४ गते, सर्लाही**

सर्लाहीको हरिपुर नगरपालिका-५, लक्ष्मीपुरकी अमरुल खातुन निरक्षर छन् । उनको परिवारमै कोही साक्षर छैन् । उनले छोरा मरसद मन्सुरलाई विदेश पठाउन रामस्वरुप रायसँग दुई लाख ऋण लिइन् । साहुले नपत्याएपछि उनले आफूसँग भएको तीन कट्ठा खेत पास गरी ऋणको जोहो गरिन् र छोरालाई विदेश पठाइन् । तर विदेशमा छोराले राम्रो काम नपाएपछि वर्ष दिन नबित्दै साउदीबाट फर्किनु पर्‍यो । अमरुलले गाउँमै केही गर्ने उद्देश्यले सोही साहुलाई थप एक लाख ऋण दिन अनुरोध गरिन् । तर साहुले पत्याएन् । त्यसपछि उनले बसोबास गरिरहेको (घर भएको)आठ धुर घडेरी साहुको नाममा पास गरेर एक लाख रुपैयाँ लिइन् । अहिलेसम्म उनले साहुलाई तीन लाख ३० हजार र चार लाख ८० हजार गरी दुई पटकमा आठ लाख १० हजार तिरिसकेको दाबी गर्छिन् । तर साहुले खेत र घडेरी फिर्ता गर्न मानेका छैनन् । उल्टै उनले अदालत जाने धम्की दिन्छन् । साहुले खेत र घडेरी कब्जा गर्ने नियत राखेर फिर्ता नगरेको उनले बताइन् । अमरुलका अनुसार साहुले तीन लाख मात्रै पैसा लिँदा पनि १२ लाखको कागज बनाएका छन् । 'साहु होइन् पापी हो । पीडित मान्छेलाई मार्ने काम गरेको छ,' उनले भनिन्, 'तीन लाख रुपैयाँ लिएको छुँ तर १२ लाखको कागज (कपाली तमसुक)बनाएको छ । अब खेत र घडेरीमा आँखा लगाएका छन' ।



**खेत पनि साहुको कब्जामा**

अमरुललाई रामस्वरुप साहुले खेत-घडेरी 'बेइमानी' गर्नसक्ने शंका लाग्यो । ऋण तिर्न र बिरामी हुँदा उपचार गराउन उनले अर्को साहु सत्यनारायण कानुसँग चार लाख ऋण लिइन् । त्यो साहुले पनि नपत्याउँदा उनले दश कट्ठा खेत पास गरिदिइन् । अहिले सत्यनारायणले दश कट्ठा मध्ये पाँच कट्ठा बिक्री गरिसकेको उनको कथन छ । तर अझै १५ लाख उनले माग गरिरहेका छन् । नभए अदालत जाने र थप सम्पत्ति कब्जा गर्ने उनले पनि धम्की दिइरहेका छन् ।

'प्रहरीमा निवेदन दिएको थाहा पाएपछि घरमै धम्की दिन आउँछन्,' उनले भनिन्, '१५ लाख नदिए बेघर बनाइदिने भन्दै दिनहुँ थर्काउँछन् ।" प्रतिवाद गर्दा र गाउँलेलाई बसाएर तिरेको बारे सुनाउँदा साहुले उल्टै घर खाली गराउन भन्छन् ।

**पाँच वर्षदेखि छिमेकीको शरणमा**

सर्लाही ईश्वरपुर नगरपालिका-५ की कमला दाहाल झन् पीडित छन् ।

उनी मिटरब्याजी साहुकै कारण पाँच वर्षदेखि बेघर छन् । उनले दुई पटकमा गाउँकै सञ्जय साह रौनियारबाट साढे चार लाख ऋण लिएकी थिइन् । त्यसक्रममा सञ्जयले खाली कागजमा सही गर्न लगाएको उनको आरोप छ । घर भएको आफ्नो चार कट्ठा जग्गा दृष्टिबन्धक राखेर लिएको ऋण चुक्ता नगरेको भन्दै साहु रौनियारले पाँच वर्ष पहिले घर खाली गराइदिएको उनको भनाइ छ । घरसहितको घडेरी फिर्ता गर्न साहुले २० लाख रुपैयाँ माग गरेको उनले बताइन् ।

**अदालतमा मुद्दा**

सरकारले मिटरब्याजविरुद्ध उजुरी गर्न आह्वान गरेपछि अदालतमा लेनदेन मुद्दाको चाप एकदमै बढेको देखिएको छ । विगतको तुलनामा लेनदेनसम्बन्धी मुद्दा दोब्बर भएको देखिन्छ । जिल्ला अदालत धनुषामा चालु फागुन महिनामा (२८ गते सम्म) मात्रै १ सय ९६ वटा मुद्दा दर्ता भएको अदालतका श्रेस्तेदार विकास बस्नेतले जानकारी दिए । उनका अनुसार लेनदेन मुद्दाको संख्यामा तुलनात्मक रुपमा वृद्धि भएको छ । तर पहिले पनि कुल मुद्दाको ५० प्रतिशत लेनदेनसम्बन्धी मुद्दा नै अदालतमा आउने गरेको उनले बताए । चालु आर्थिक वर्षमा १ हजार १ सय ९५ मुद्दा दर्ता भएको छ ।

**समस्या लियो, समाधान गरेनन्**

मिटरब्याजी पीडित किसान मजदुर संघर्ष समितिका संयोजक अवधेश कुशवाहाले सरकारले समस्या सुन्ने काम मात्रै गरेको तर समाधान गर्न नसकेको उनले बताए ।

'सरकारले मिटरब्याज पीडितसँग गुनासो संकलन गर्‍यो तर समाधान गरेनन्,'उनले भने, 'अहिले पीडितले उजुरी गरेको थाहा पाएपछि पीडकहरू धमाधम अदालतमा गइरहेको छ । सरकारले हामीसँग गरेको सम्झौता पनि कार्यान्वयन गरेका छैन् ।'

# एभरेस्टद्वारा सवा २ लाख क्विन्टल चिनी उत्पादन, किसानलाई १ अर्ब ३७ करोड भुक्तानी

**खबर दर्पण समाचारदाता**

**चैत ४ गते, महोत्तरी**

देशकै सबैभन्दा ठूलो चिनी उद्योग एभरेस्ट सुगर एन्ड केमिकल इन्डस्ट्रिजले यस वर्ष सवा दुई लाख क्विन्टल चिनी उत्पादन गरेको छ। २६ लाख ३० हजार क्विन्टल उखु क्रसिङ गरेर उद्योगले यस वर्ष करिब सवा दुई लाख क्विन्टल चिनी उत्पादन गरेको उद्योगका प्रबन्धक कृष्णचन्द्र दासले जानकारी दिए।

महोत्तरीको रामनगरमा अवस्थित एभरेस्ट चिनी उद्योगको क्रसिङ क्षमता एक सिजनमा ६० लाख क्विन्टल छ। भनेजति उखु नपाएपछि उद्योगले यस वर्ष पनि क्षमताभन्दा आधा नै कम उखु क्रसिङ गरेको छ।

एभरेस्ट चिनी उद्योग गत पुस ५ गतेदेखि सञ्चालन भएको थियो। भनेजति उखु क्रसिङ गर्न पाएको भए एभरेस्ट वैशाख पहिलो सातासम्म सञ्चालन हुन्थ्यो।

अहिलेसम्मको इतिहासमा एभरेस्टले २०७०-०७१ को क्रसिङ सिजनमा सबैभन्दा धेरै ५८ लाख क्विन्टल उखु पेलेको थियो। त्यसयताका वर्षमा भने एभरेस्टले क्षमताअनुसार उखु पेल्नै पाएको छैन। गत वर्ष एभरेस्टले मुस्किलले २० लाख क्विन्टल मात्रै उखु क्रसिङ गरेको थियो।




यस वर्ष एभरेस्टले महोत्तरीबाहिरका जिल्लाबाट तानतुन गरेर २६ लाख क्विन्टलभन्दा धेरै उखु क्रसिङ गर्न सकेको हो। बाहिरबाट उखु तान्नुपर्दा उद्योगले किसानको भुक्तानी तुरुन्तै दिने रणनीति अपनाएको थियो।

क्रसिङ भएका सबै उखुको प्रतिक्विन्टल ५ सय २० रुपैयाँका दरले भुक्तानीसमेत भइसकेको प्रबन्धक दासले जानकारी दिए।

यस वर्ष सरकारले उखुको मूल्य प्रतिक्विन्टल ६१० रुपैयाँ निर्धारण गरेको थियो। यो मूल्यमा सरकारी अनुदान प्रतिक्विन्टल ७० रुपैयाँ पनि जोडिएको छ।

उद्योगले किसानलाई आफूले दिनुपर्ने प्रतिक्विन्टल ५४० रुपैयाँमध्येबाट २० रुपैयाँ बाँकी राखेर अरु रकम भुक्तानी गरेको हो। त्यो बाँकी रहेको २० रुपैयाँ पनि केही दिनमै किसानको खातामा पठाइने उद्योग प्रशासनले जनाएको छ।

एभरेस्टले यो सिजनमा किसानलाई एक अर्ब ३६ करोड ७६ लाख रुपैयाँ भुक्तानी गरिसकेको छ।

यस वर्ष एभरेस्टले तुरुन्तै भुक्तानी दिँदा किसानलाई ठूलो राहत भएको उखु उत्पादक महासंघ (महोत्तरी)का अध्यक्ष नरेशसिंह कुशवाहाले बताए। एभरेस्टको भुक्तानीबाट किसान सन्तुष्ट रहेका उनले बताए।

यसैबीच सर्लाहीको हरिवनस्थित इन्दु शंकर चिनी उद्योगले आज (बिहीबार बिहान) सम्म २७ लाख २७ हजार क्विन्टल उखु क्रसिङ गरेको छ। किसानले उखु ल्याउने क्रम अझै नसकिएकाले केही दिन अझै उद्योग चल्ने इन्दु शंकर चिनी उद्योगका प्रशासन प्रमुख ठाकुर नेपालले जानकारी दिए।

गत वर्ष २४ लाख क्विन्टल मात्रै उखु क्रसिङ गरेको इन्दु शंकरले यस वर्ष ३० लाख क्विन्टल उखु क्रसिङ गर्ने लक्ष्य राखेको छ।

सूचना ! सूचना !!! सूचना !!!

नदी सार्वजनिक सम्पती हो । नदीबाट निस्केका नहरहरुको रेखदेख गर्नु हामी सबैको कर्तव्य हो । नदी सफा राख्नु सबैको दायित्व हो । नदीको जमिन अतिक्रमण गर्नु हुँदैन । सरकारले निर्धारण गरेको क्षेत्रफल भित्रको नदीको जग्गामा कुनै प्रकारको अतिक्रमण कानुनको वरखिलाफ हो । नदी क्षेत्रमा गैर कानुनी रुपमा निर्माण गरिएको सबै प्रकारको निर्माण सिंचाई विभागले भत्काउने भएकाले नदी क्षेत्रमा भौतिक निर्माण नगरौं । नदी फराकिलो भयोभने सबैलाई फाइदा हुन्छ । नदीको क्षेत्रलाई संरक्षण र सम्बर्द्धन गर्नु हामी सबैको दायित्व हो ।

कमला नदी नियन्त्रण आयोजना , जनकपुर



# कर्मचारीको उमेर हद ६० वर्ष कायम गर्ने सहमति भएको छ : सामान्य प्रशासनमन्त्री मोदी




**खबर दर्पण समाचारदाता**

**चैत ४ गते, जनकपुर**

संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री अमनलाल मोदीले नयाँ बन्ने ऐनमा तहगत प्रणाली र कर्मचारीको उमेर हद ६० वर्ष कायम गर्ने गरी सहमति भएको बताएका छन् ।

जनकपुरधाममा शनिबार नेपाल राष्ट्रिय कर्मचारी संगठन निजामती मधेस प्रदेश समितिको दोस्रो अधिवेशनको सम्बोधन गर्दै मन्त्री मोदीले यस्तो बताएका हुन् ।

कर्मचारी प्रशासनमा देखिएका समस्या समाधान हुने गरी संसद्को चालु अधिवेशनमा संघीय निजामती कर्मचारी ऐन पेस गर्ने तयारी भएको उनले बताए ।

मन्त्री मोदीले आफू जिम्मेवारीमा आएपछि ऐनका विषयमा पूर्वप्रधानमन्त्री, मन्त्री, संवैधानिक निकायका प्रमुख, स्थानीय तहका प्रमुखहरूसँग छलफल गरी अन्तिम चरणमा पुगेकोसमेत जानकारी दिए ।

उनले भने, 'दोस्रो संविधानसभा, अघिल्लो प्रतिनिधिसभादेखि निरन्तर संसद्मा भएकाले स्थानीय तहदेखि केन्द्रसम्म भोग्नुपरेका समस्याबारे जानकार छु । स्थानीय तह निमित्तको भरमा चलिरहेका छन् । सुशासन, कर्मचारी व्यवस्थापनलगायतका समस्या छन् । त्यसलाई सम्बोधन गर्ने गरी छिट्टै ऐन आवश्यक छ । संसद्को चालु अधिवेशनमा नै विधेयक पेस हुन्छ । त्यसैले अब कर्मचारीबाट सुशासनका लागि प्रतिबद्धता जरुरी छ ।'

ऐनमा तहगत प्रणाली र उमेर हदका विषयमा सहमति भएको बताउँदै उनले कर्मचारी सरोकारका विषयमा पनि सम्बोधन भएकाले धेरै समस्या समाधान हुने सरकारको अपेक्षा रहेको धारणा राखे ।

# तमलोपा सहित पाँच राजनीतिक दलबीच कार्यगत एकता हुँदै



**खबर दर्पण समाचारदाता**

**चैत ४ गते, जनकपुर**

तराई मधेश लोकतान्त्रिक पार्टीसहित पाँच राजनीतिक दलबीच कार्यगत एकता हुन लागेको छ ।

तराई मधेश लोकतान्त्रिक पार्टीसहित नेपाल सद्भावना पार्टी, ऐतिहासिक जनता पार्टी, नेपाल लोकतान्त्रिक पार्टी र राष्ट्रीय सद्भावना पार्टीले 'लोकतान्त्रिक मधेशी मोर्चा'को रुपमा एकजूट हुने निर्णय गरेको हो ।

शनिबार तराई मधेश लोकतान्त्रिक पार्टीको केन्द्रीय कार्यालयमा पाँचै दलका शिर्ष नेताहरूको बैठकले यस्तो निर्णय गरेको तराई मधेश लोकतान्त्रिक पार्टीका केन्द्रीय सदस्य उमेश मण्डलले जानकारी दिए ।

बैठकमा तमलोपा अध्यक्ष वृषेशचन्द्र लाल र वरिष्ठ नेता डा. विजयकुमार सिंह, नेपाल सद्भावना पार्टीका अध्यक्ष रामकुमार महतो, नेपाल लोकतान्त्रिक पार्टीका सह-अध्यक्ष सुरेशकुमार गुप्ता, ऐतिहासिक जनता पार्टीका अध्यक्ष बद्रीनारायण ठाकुर र राष्ट्रिय सद्भावना पार्टीका महासचिव रविन्द्र प्रसाद सिंहलगायत बिभा ठाकुर, सतीश लाल दास, रविशंकर लाल (सुभाष कर्ण), उमेशकुमार मण्डल, नागेन्द्र सिंह, सरोजकुमार मिश्र लगायतका नेताहरू उपस्थित थिए ।

शनिबारको बैठकमा तमलोपाका वरिष्ठ नेता डा. विजयकुमार सिंहले कार्यदलले तयार गरेको 'लोकतान्त्रिक मधेशी मोर्चा' को साझा अवधारणा-पत्र प्रस्तुत गरेका थिए ।

बैठकले 'लोकतान्त्रिक मधेशी मोर्चा'को साझा अवधारणा-पत्र चैत १३ गते जनकपुरधाममा सार्वजनिक गर्ने निर्णय गरेको छ । नेपाल लोकतान्त्रिक पार्टीले पार्टीभित्र छलफल गरी अन्तिम निर्णय लिन बाँकी रहेपनि साझा अवधारणामा राखिएका विषयसँग आफूहरू सहमत रहेको जनाएको छ ।

तमलोपाका केन्द्रीय सदस्य उमेशकुमार मण्डलले यी पाँच दल एकै स्थानमा आउनु मधेस मुद्दाको निमित्त सुखद खबर भएको बताएका छन् ।

# जनकल्याण प्रतिष्ठानद्वारा र्‍याली तथा कोणसभा

**खबर दर्पण समाचारदाता**

**चैत ४ गते, ढल्केवर**

बालबालिकालाई अनौपचारिक शिक्षा प्रदान गर्न अभियान सञ्चालन चलाउँदै आएका जनकल्याण प्रतिष्ठानले शनिबार धनुषाको ढल्केवरमा र्‍याली तथा कोणसभा गरेको छ ।

प्रतिष्ठानको २७ औं स्थापना दिवसको अवसरमा र्‍याली तथा कोणसभा गरिएको हो ।

ढल्केवरस्थित सम्पर्क कार्यालयबाट निस्किएको र्‍याली ढल्केवर चोकको परिक्रमा गर्दै पुनः सोही ठाउँमा आएर कोणसभा गरेको थियो ।

र्‍याली तथा कोणसभामा मिथिला नगरपालिकामा अनौपचारिक शिक्षा लिइरहेका बालबालिका एवं प्रतिष्ठानका पदाधिकारीहरुको सहभागिता रहेको थियो ।




प्रतिष्ठानको ढल्केवरस्थित सम्पर्क कार्यालयका सविता साहको अध्यक्षता तथा प्रतिष्ठानको विरगंज व्यवस्थापन समूहका प्रमुख विन्देश्वर पण्डितको प्रमुख आतिथ्यमा र्‍याली तथा कोणसभा भएको थियो ।

जनकल्याण प्रतिष्ठानले अनौपचारिक शिक्षाअन्तर्गत शिक्षा, संस्कार, स्वास्थ्य, ग्राम विकास र स्वाभिमान जागरणका विषयमा शिक्षा प्रदान गर्न अभियान चलाएको छ ।

जन्म दर्ता, मृत्यु, विवाह दर्ता जस्ता व्यक्तिगत घटनाहरु समय मै दर्ता गर्नु सबै सचेत नागरीकको कर्तव्य हो ।

# ढल्केवरमा ६३ जनाले गरे रक्तदान

**खबर दर्पण समाचारदाता**

**चैत ४ गते, ढल्केवर**

जिल्लामा भइरहेको रगतको कमीलाई मध्यनजर गर्दै धनुषाको ढल्केवरमा रक्तदान कार्यक्रम गरिएको छ ।

नेपाल रेडक्रस सोसाइट्टी धनुषाको सहयोगमा दारी ग्याङ्ग र ब्लड फर नेपालको संयुक्त आयोजना गरिएको रक्तदान कार्यक्रम गरेको हो ।

रक्तदान कार्यक्रमा ६३ जनाले रक्तदान गरेको दारी ग्याङ्ग मधेश प्रदेशका संयोजक देवराज घिमिरेले बताए ।

बिरामीलाई उपचारका लागि रगत अभाव भएकाले रक्तदान कार्यक्रमको आयोजना गरिएको उनले जानकारी दिए ।



रक्तदान मानव जीवनको सर्वोत्तम कार्य भएको बताउँदै दारी ग्याङ्गका अध्यक्ष घिमिरेले रक्तदान गरेर अमुल्य सहयोग गर्ने सम्पूर्ण रक्तदातालाई आभार प्रकट गरे । उनले आफूले पनि रक्तदान गरेको बताए । यो पटक जोडर दस पटक रक्तदान गरेको उनले सुनाए ।

बालबालिकालाई अनिवार्य विद्यालय पठाऔं, शिक्षा दिएर असल नागरिक बनाऔं ।

जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

Hot line number
9748457490 / 9748457491

रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)

सम्पर्क नं. 9854028392 / 9854021392 / 9801528392

प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्धारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।

२४ औं घण्टा उपलब्ध सेवा

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा ३ढीको रोग प्रत्येक महिनाको पहिलो हप्ता सेवा दिइन्छ।

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुबिधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।
- विरामी भर्नाको लागि क्ष्लमययच को व्यवस्था ।

खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) उप-सम्पादक : धर्वेन्द्र कुमार यादव 'यदुवंशी' (९८५४०२९०५३)
कम्प्युटर अपरेटर : बिबेक कुमार महतो (९८०४८०४७००) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा